GET /eSCL/ScannerCapabilities HTTP/1.1
Host: localhost

# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## लुम्बिनी प्रदेश, नेपाल

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तीगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र /गैर सरकारी संघ संस्थाको लागि आशय पत्र पेश गर्ने सम्वन्धी

**सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०६/०९**

माडी गाउँपालिकाले कृषि तथा पशपंक्षी विकासको क्षेत्रमा निजी क्षेत्र /गैर सरकारी संघ सस्थाको साझेदारिमा काम गर्ने उद्देश्यले "माडी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९" कार्यन्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रहि आर्थिक वर्ष २०७९/०८० देखि शुरु हुने गरि वहुवर्षिय /सालवसाली रुपमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकासका लागि **माडी कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक निजी क्षेत्र /गैरसरकारी क्षेत्रका व्यक्ति /संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशय - पत्र पेश गर्न आह्वान गरिएको छ । यस संम्वन्धि विस्तृत विवरण गाउपालिकाको वेवसाइट madimunrolpa.g0v.np वाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका , आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेहि हुनेछैन ।

**आशय -पत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. आशय-पत्र पेश सम्वन्धि निवेदन ,
२. आशय-पत्र फारम ,
३. संस्थाको दर्ता , नवीकरण , करचुक्ता , विगत तीन वर्षको लेखापरिक्षण प्रतिवेदन , नियमनकारी निकायको ( अनुमतिपत्र लिनुपर्ने हकमा )
४ स्थायी लेखा नम्वर ,
५ साझेदारीको लागि आवश्यक वजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र ,
६ संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्था वीचको कार्य जिम्मेवारी खुल्ने सम्झौतापत्रको सक्कल १ प्रति ,
७ प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति ,
८संस्था कालो सूचीमा नपरेको स्व:घोषणा पत्रको सक्कल १ प्रति ,
९.व्यक्ति , फर्म , कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाइल)
१०विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशय पत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण ।
११ प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

............................
जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत